## आठराई गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## संक्रान्तिबजार, तेह्रथुम

# आन्तरिक आय तर्फको सिलबन्दी दरभाउपत्र आह्वानको सूचना ।

**प्रथम पटक प्रकाशित मिति: २०८३/०५/०५**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा २(घ) को ६ मा व्यवस्था भए बमोजिम यस गाउँपालिकाको चालु आ.व. २०८३/०८४ को २०८४ जेठ मसान्तसम्मका लागी देहाय बमोजिमको आन्तरिक आय सम्बँन्धी ठेक्काको बन्दोबस्त गर्नुपर्ने भएकोले यस गाउँपालिकाबाट तोकीएको दर रेटमा गाउँपालिकाबाट तोकिएको शर्तहरुको अधिनमा रही नेपाल सरकारबाट सम्बन्धित कार्यको इजाजत प्राप्त गरी नविकरण भएको, मू. अ. करमा दर्ता भएको र आ. ब. २०८१/०८२ सम्मको कर चुक्ता प्रमाणपत्र लिइ अध्यावधिक भएका इच्छुक फर्म/कम्पनी तथा संस्थाबाट प्रथम पटक सूचना प्रकासित भएको मितिले उल्लेखित समय भित्र रित पूर्वक सिलबन्दी दरभाउपत्र पेश गर्न यो सुचना प्रकाशित गरिएको छ। यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस गाउँपालिकाको सूचना पाटिमा टाँस गरिएको सूचना र website: **www.aathraimun.gov.np** मा हेर्न वा ९८५२०६०३२२ मा सम्पर्क गर्न सकिने छ।

| सि. नं. | ठेक्का नं. | ठेक्का बिबरण | नदिजन्य पदार्थको प्रकार | संकलन/उत्खनन् गर्नुपर्ने अधिकतम परिमाण (घ.मी.) | जम्मा परिमाण (घ.फि.) | जम्मा न्युनतम अंक रु. (VAT बाहेक) | धरौटी रकम | सिलबन्दी दरभाउपत्र दस्तुर |
|---|---|---|---|---|---|---|---|---|
| १ | ARM/SQ/IR /01/083/084 | तमोर नदी क्षेत्र २ आठराई गा.पा. वडा नं. ६ | ढुङ्गा, गिट्टी, बालुवा | १,६४२।४४ | ५७,९९४।६८ | ५७९,९४६।८० | कबोल अंकको कम्तीमा ५% (पाँच प्रतिशत) | १०००/- |
| २ | ARM/SQ/IR /02/083/084 | तमोर नदी क्षेत्र ९ आठराई गा.पा. वडा नं. ६ | ढुङ्गा, गिट्टी, बालुवा | २,६०८।६६ | ९२,१११।८५ | ९२१,११८।५० | | १०००/- |
| ३ | ARM/SQ/IR /03/083/084 | कोया खोला क्षेत्र १ आठराई गा.पा. वडा नं. १ | ढुङ्गा, गिट्टी, बालुवा | ६१५।४७ | २१,७३२।४८ | २१७,३२४।८० | | १०००/- |
| ४ | ARM/SQ/IR /04/083/084 | तमोर नदी क्षेत्र ७ आठराई गा.पा. वडा नं. ५ | ढुङ्गा, गिट्टी, बालुवा | १,२७०।९२ | ४४,८७६।१६ | ४४८,७६१।६० | | १०००/- |
| ५ | ARM/SQ/IR /05/083/084 | तमोर नदी क्षेत्र ३ आठराई गा.पा. वडा नं. ३ | ढुङ्गा, गिट्टी बालुवा | १,२३७।७६ | ४३,७०५।३० | ४३७,०५३।०० | | १०००/- |

१. उपरोक्त ठेक्काको लागी सुचना प्रकाशित भएको ७ औँ दिन (२०८३/०५/११) सम्म यस कार्यालयबाट सिलबन्धि दरभाउपत्र खरिद गरी सम्पूर्ण प्रकृया पुरा गरी ७ औँ दिनको १२:०० बजे भित्र यस कार्यालयमा दाखिला गर्नु पर्नेछ। ७ औँ दिन सम्म प्राप्त सिलबन्दी दरभाउपत्रहरु सोही दिन २:०० बजे सिलबन्दी दरभाउपत्रदाता वा निजको प्रतिनिधीको रोहबरमा खोलिने छ । सिलबन्दी दरभाउपत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभए पनि कार्यालय प्रतिनिधीको रोहबरमा दरभाउपत्र खोल्न बाधा हुने छैन ।

२. सिलबन्दी दरभाउपत्र पेश गर्दा पेश गर्ने फर्म वा कम्पनी व्यवसायीले ब्यबसायिक प्रमाणपत्र कम्तिमा 'घ' बर्ग, स्थायी लेखा नम्बर (पान), मु.अ.क. प्रमाणपत्रको प्रतिलिपी, सिलबन्दी दरभाउपत्र बापतको दस्तुर तिरेको प्रमाण, पाँच प्रतिशत (५%) धरौटी दाखिला भएको प्रमाण, फर्मको प्रोप्राइटर वा आधिकारिक प्रतिनिधीको नागरिकता प्रमाणपत्रको प्रतिलिपी, कालो सूचीमा नपरेको स्वयं घोषणा अनिबार्य रुपमा संलग्न राखी पेश गर्नु पर्नेछ ।

३. ठेक्का अबधी २०८४ सालको जेठ मसान्त सम्म रहनेछ। ठेक्का अबधीमा बन्द हड्ताल आदीका कारण केही दिन काम सुचारु नभएको अबस्थामा कुनै किसिमको क्षतिपूर्ती दाबी गर्न पाइने छैन। IEE प्रतिबेदनले निषेध गरेको अबधीमा नदी क्षेत्रबाट सामाग्री उत्खनन गर्न पाइने छैन ।

४. माथी उल्लेखित सबै ठेक्काहरु कबोल अंकको थप मूल्य अभिबृद्दी कर (१३ प्रतिशत ) र अग्रिम आय कर (१.५ प्रतिशत ) राजस्व ठेक्का लिने फर्मले आन्तरिक राजस्व कार्यालयमा बुझाइ सोको प्रमाण कार्यालयमा पेश गर्नुपर्नेछ ।

५. धरौटी बापतको बोल गरेको ५ प्रतिसत रकम नबिल बैंकमा यस गाउँपालिकाको: ग-३ धरौटी खाता, खाता नं.१९५०१०१७५०००२८ मा नगद दाखिला गरेको सक्कल भोचर सिलबन्दी दरभाउपत्र साथ संलग्न गरी पेश गर्नु पर्नेछ। सो धरौटी बापतको रकम यसै सूचना बमोजिम हुनेछ। धरौटी

बापत जम्मा भएको रकमलाइ किस्तामा समाबेस गर्न पाइने छैन र उक्त धरौटी नियमानुसार कागजात पेश गरिसकेपछी प्रचलित ऐन बमोजिम फिर्ता गरिनेछ ।

६. सिलबन्दी दरभाउपत्र खरिद गर्दा नियमानुसार लाग्ने दस्तुर बापतको रकम नबिल बैंकमा यस गाउँपालिकाको: ग-१-१ आन्तरिक राजश्व खाता, खाता नं. १९५०१०१७५०००३८ मा वा यस कार्यालयको राजस्व खातामा दाखिला गरेको भौचर संलग्न गर्नु पर्नेछ ।

७. कारण जनाइ वा नजनाइ सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

८. सिलबन्दी दरभाउपत्र दाखिला गर्दा कुनै किसिमको शर्त मान्य हुने छैन। साथै रित नपुगी आएको सिलबन्दी दरभाउपत्र उपर कुनै कारबाही हुने छैन ।

९. ठेक्कामा कुनै बिबाद भएमा यस गाउँपालिकाको निर्णय अन्तिम हुनेछ ।

१०. सिलबन्दी दरभाउपत्रमा कबोल रकम अंक र अक्षर दुबैमा खुलाउन पर्ने छ । अंक र अक्षर फरक परेमा अक्षरलाइ मान्यता दिइने छ ।

११. नदिजन्य पदार्थ निकासी गर्ने बाटो मर्मत ठेकेदार आफैले गर्नुपर्नेछ र खर्च दाबी गर्न पाइने छैन । पुलको दायाँ बायाँ र खोलाको दायाँ बायाँ रहेको कुलो नहर तटबन्धनमा उत्खनन गर्न नपाउने नियम प्रदेस कानुन बमोजिम हुनेछ ।

१२. सूचनामा उल्लेखित GPS Point हरु निर्धारण भएकोमा सो भित्रको उपखण्ड कायम हुँदा वा कानुन बमोजिम निषेधित क्षेत्र भित्र GPS Points फरक हुने बिषयको जानकारी र सो सम्बन्धी कागजातहरु कार्यालयबाट प्राप्त गर्न सकिनेछ ।

१३. सिलबन्दी दरभाउपत्र साथ रहने जानकारी तथा सूचनाहरु शर्त सरह मान्य हुनेछन ।

१४. अन्य कुराहरु नेपाल सरकारको प्रचलित ऐन कानुन र गाउँपालिकाको निर्णय बमोजिम हुनेछ।

१५. अन्य थप जानकारीको लागी कार्यालय समय भित्र यस गाउँपालिकाको कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

२०८१।०५।०५

**नारायण भण्डारी**

**प्रमुख प्रशासकीय अधिकृत**

नारायण भण्डारी
प्रमुख प्रशासकीय अधिकृत